# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस मिति २०८३/०१/३० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु इलाका प्रशासन कार्यालय गौरिगञ्ज, झापामा तत्कालीन इलाका प्रशासन प्रमुख (शाखा अधिकृत) पदमा कार्यरत **चुडामणी आपगाईँ समेत १० जना** मु.नं (०८२-CR-००४१) फैसला मिति २०८२।११।१२ | गैरकानूनी तरिकाले सरकारी कागजात सच्याई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• ईलाका प्रशासन कार्यालय, गौरीगंज, झापाका कर्मचारीले राहदानीमा १ वर्ष उमेर घटाए वा बढाए बापत रकम असुल गरी पासपोर्ट सिफारिस गर्ने गरेका र यदि कसैलाई रकम लिएको कुरा भनेमा राहदानी बिभाग मार्फत राहदानी ब्लक गरिदिने धम्कि समेत दिने गरेका छन् भन्ने समेत व्यहोराको उजुरी निबेदन उपर अनुसन्धान हुँदा प्रतिवादीहरूले नागरिकताको प्रमाणपत्रमा भएको जन्म मिति भन्दा राहदानीमा उमेर घटाई तथा बढाई बदनियतपूर्वक सरकारी कागजातमा अनाधिकार वा गैरकानुनी तरिकाले विवरण हेरफेर/थपघट गरी राहदानी जारी गर्ने गराउने कार्यमा प्रत्यक्ष रुपमा संलग्न भई राष्ट्रसेवक कर्मचारी **प्रतिवादीहरु चुडामणी आपगाई, लक्ष्मी प्रसाद खरेल, केशव प्रसाद रिजाल, आकाश मगर, रबिन कुमार राजवंशी, जिवन कुमार दाहाल**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ तथा राहदानी वाहक **प्रतिवादीहरु विनोद कुँवर, सिमान्त विश्वकर्मा, गोविन्द प्रसाद ढुंगेल र बलराम महतोको** हकमा प्रतिवादी चुडामणी आपगाँई समेतको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको मुख्य कसूरदारहरु चुडामणी आपगाँई समेतलाई हुने सजायलाई आधार मानि निज प्रतिबादीहरु बलराम महतो, विनोद कुँवर, गोविन्द प्रसाद ढुंगेल र सिमान्त विश्वकर्मालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय गरिपाऊँ भन्ने समेतको मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरुलाई आरोपदावीबाट **सफाई दिने ठहर** गरी फैसला भएको देखिन्छ। | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• विद्युतीय राहदानी जारी गर्ने सम्बन्धी कार्यविधि, २०७८ को नियम १३ को उपनियम (५) आवेदकले राहदानी नविकरणको लागि आवेदन गर्दा नागरिकता भन्दा सामान्य विवरण फरक परे पनि पुरानो राहदानीको विवरण बमोजिम राहदानी नविकरण गर्न चाहेमा सोही बमोजिम रुजु गर्न सकिनेछ भन्ने समेतको व्यवस्था रहेको देखिएको,<br>• नेपाल राहदानी विभागबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखेको मिसिल संलग्न पत्र विवरण अनुसार नागरिकताको प्रमाणपत्र, पुरानो राहदानी तथा पछि बनेको विद्युतीय राहदानीमा फरक परेको जन्ममितिको विषय प्रशासनिक तवरबाट संबोधन हुन सक्ने प्रकृतिको देखिएको,<br>• ईलाका प्रशासन कार्यालयमा कार्यरत प्रतिवादीहरूले अदालत समक्ष बयान गर्दा, राहदानी वाहक विनोद कुँवर र वलराम महतोको विद्युतीय राहदानी जारी हुने क्रममा पुरानो MRP अनुसार नै जन्म मिति verification गरी राहदानी जारी भएको र राहदानी बाहक सिमान्त विश्वकर्माको NID अनुसार नै जन्म मिति कायम भएको तथा गोविन्द प्रसाद ढुङ्गेलको राहदानी verification र Live-enrollment गर्ने क्रममा प्रणालीले Alert Message नदिएको कारण जन्म मितिमा सामान्य मानवीय त्रुटी भई उमेर घटेको हुनुपर्छ भन्ने समेतको विवरण खुलाई | • ईलाका प्रशासन कार्यालय, गौरीगंज, झापाका कर्मचारीले राहदानीमा १ वर्ष उमेर घटाए वा बढाए बापत प्रति बर्षको रु.२,०००।- का दरले अनलाइन रकम असुल गरी पासपोर्ट सिफारिस गर्ने गरेको भन्ने समेत व्यहोराको **उजुरीवाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा** अनुसन्धानको क्रममा संकलित मिसिल संलग्न राहदानी विभाग, त्रिपुरेश्वर, काठमाडौंबाट प्राप्त राय प्रतिक्रिया तथा संलग्न कागजातहरु, राष्ट्रिय परिचयपत्र तथा पंजीकरण बिभाग, सिंहदरबार, काठमाण्डौंबाट प्राप्त राय प्रतिक्रिया तथा संलग्न कागजातहरु, जिल्ला प्रशासन कार्यालय, झापाबाट प्राप्त राय प्रतिक्रिया तथा संलग्न कागजातहरु, इलाका प्रशासन कार्यालय, गौरिगञ्ज, झापाबाट प्राप्त राय प्रतिक्रिया तथा संलग्न कागजातहरु, प्रभु बैंक लिमिटेड, बबरमहल, काठमाडौं तथा एनआईसी एशिया बैंक लिमिटेड, थापाथली, काठमाडौंबाट प्राप्त राय प्रतिक्रिया तथा संलग्न कागजातहरु, अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालका अनुसन्धान अधिकृत कुलदिप चन्द समेतको टोलीले राहदानी बिभाग, त्रिपुरेश्वरमा स्थलगत अनुगमन गरी पेस गरेको स्थलगत अनुगमन प्रतिबेदन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीका प्र.ना.उ. मान बहादुर राइ समेतको टोलीको स्थलगत प्रतिवेदन, इलाका प्रशासन कार्यालय गौरिगञ्ज, झापामा तत्कालीन शाखा अधिकृत पदमा कार्यरत चुडामणी आपगाईँ समेतका संकितहरुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान, अनुसन्धानका क्रममा बुझिएका मानिसहरुको सोधपुछ कागज समेतका **प्रमाण कागजातहरुको अध्ययन विश्लेषण गरी हेर्दा** ईलाका प्रशासन कार्यालय, गौरिगंज, झापा मार्फत राहदानी विभागबाट मिति २०७९/०३/०१ देखि २०७९/६/३० सम्म जारी राहदानीहरुमध्ये नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्म मिति भन्दा फरक जन्म मिति पारी जारी गरिएका राहदानीहरुमा विनोद कुँवरको ५ वर्ष उमेर घटाएको, सिमान्त विश्वकर्माको २ वर्ष उमेर बढाएको, गोविन्द प्रसाद ढुङ्गेलको ५ वर्ष उमेर घटाएको र बलराम महतोको ८ वर्ष उमेर घटाई राहदानी जारी गरेको देखिन्छ। राष्ट्रिय परिचयपत्र जारी गर्ने क्रममा समेत निज प्रतिबादीहरु मध्ये सिमान्त विश्वकर्माको २ वर्ष उमेर बढाइ राष्ट्रिय परिचय नं. जारी गरेको देखिन्छ। यसरी जिल्ला प्रशासन कार्यालय, झापाबाट समेत बिनोद कुंवर र बलराम महतोको सन् २०१३ मा राहदानी जारी हुँदा उमेर हेरफेर गरी क्रमशः ५ वर्ष र ८ वर्ष उमेर घटाई राहदानी जारी गरेको पाइन्छ। नागरिकताको प्रमाणपत्रमा भएको जन्म मिति भन्दा राहदानीमा उमेर घटाई तथा बढाई बदनियतपूर्वक सरकारी कागजातमा अनाधिकार वा गैरकानुनी तरिकाले विवरण हेरफेर/थपघट गरी राहदानी जारी गर्ने गराउने कार्यमा ईलाका प्रशासन कार्यालय, गौरिगञ्ज, झापामा कार्यरत तत्कालीन इलाका प्रशासन प्रमुख (शाखा अधिकृत) चुडामणी आपगाँई, नायब सुब्बा रविन कुमार राजबंशी, कम्प्युटर अपरेटर आकाश मगर र कार्यालय सहयोगी जिवन कुमार दाहालको प्रत्यक्ष संलग्न रहेको देखिन्छ। मिति ई.सं.२०१३ मे १७ मा जिल्ला प्रशासन कार्यालय, झापा मार्फत जारी विनोद कुँवरको राहदानी तथा २०१३ नोभेम्बर २९ मा जारी बलराम महतोको राहदानी जारी गर्ने कार्यमा जिल्ला प्रशासन कार्यालय, झापामा तत्कालीन समयमा कार्यरत प्रशासकीय अधिकृतहरु लक्ष्मी प्रसाद खरेल र केशव प्रसाद रिजालको प्रत्यक्ष रुपमा संलग्नता रहेको देखिंदा यि प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ मा उल्लेखित सरकारी कागजात सच्याउने कसूरको वारदात गरेको तथ्य (Corpus Delicit of the Corruption) स्थापित भएको देखिंदा देखिंदै उक्त संकलित प्रमाणहरुको समुचित विश्लेषण नगरि निज प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदरयोग्य छ।<br>• प्रतिवादी मध्येका राहदानी वाहक विनोद कुँवर, सिमान्त विश्वकर्मा, गोविन्द प्रसाद ढुंगेल र बलराम महतोले ईलाका प्रशासन कार्यालय, गौरिगञ्ज, झापामा राहदानीका लागि आवेदन फाराम पेस गरी मिति २०७९।०३।०१ देखि मिति २०७९।०६।३० सम्मको अवधिमा जारी भएका जम्मा १४५८ जना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कसूरमा इन्कार रहेको,<br>• राहदानी बाहक प्रतिवादी सिमान्त विश्वकर्माले अदालत समक्ष बयान गर्दा आफुले उमेर बढाउनुपर्ने कुनै कारण नभएको समेतको व्यहोरा गरी कसूरमा इन्कार रही बयान गरेको तथा प्रतिवादीहरुले गैरकानूनी लाभ लिएको वा अन्य व्यक्तिलाई हानी भएको भन्ने दाबी रहेको नदेखिएको, | राहदानी वाहकहरुको जन्म मिति र नेपाली नागरिकताको प्रमाणपत्र नम्बर सहितको बिस्तृत विवरणको प्रमाणित प्रतिलिपी तथा आवेदकहरुको प्रि-इनरोलमेण्ट फाराम, कन्फरमेशन पेज समेत भएका प्राप्त कागजात अनुसूची फाराम (ePASSPORT APPLICATION FORM) मा पेस गरेको जन्म मिति र नेपाली नागरिकता प्रमाणपत्र अनुसारको जन्म मितिमा फरक रहेको तथा राहदानी विभाग त्रिपुरेश्वर, काठमाडौंको च.नं. ८६, मिति २०८०।०८।२८ को पत्रानुसार राहदानी बाहक विनोद कुवँरको नाममा ई.सं. २०१३ मे १७ मा राहदानी नं. ०६४८१७०१ को राहदानी जारी भएको देखिन्छ। यसै गरि राहदानी बाहक बलराम महतोको नाममा ई.सं. २०१३ नोभेम्बर २९ मा राहदानी नं. ०६८४१९६४ को राहदानी जिल्ला प्रशासन कार्यालय, झापा मार्फत जारी भएको देखिन्छ। राहदानी जारी हुँदा पेस भएको PASSPORT APPLICATION FORM मा विनोद कुवँरको जन्म मिति ई.सं.१९८१-१०-१३ (वि.सं. २०३८-०६-२७) र बलराम महतोको ई.सं.१९९०-१०-२४ (वि.सं. २०४७/०७/०७) विवरण पेस भई रुजु/सदर गरेको देखिन्छ। जिल्ला प्रशासन कार्यालय, झापाको च.नं. ६४५३ मिति २०८०।०९।१३ को पत्र बमोजिम विनोद कुवँरको राहदानी नं. ०६४८१७०१ को राहदानी (ई.सं.२०१३ मे १७ मा जारी) को आवेदन फाराम अनुसूची PASSPORT APPLICATION FORM रुजु/प्रमाणीकरण गर्ने (validation/approval) उक्त कार्यालयमा कार्यरत तत्कालीन प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद खरेल र बलराम महतोको राहदानी नं. ०६८४१९६४ को राहदानी (ई.सं.२०१३ नोभेम्बर २९ मा जारी) को आवेदन फाराम अनुसूची PASSPORT APPLICATION FORM रुजु/प्रमाणीकरण गर्ने (validation/approval) उक्त कार्यालयमा कार्यरत तत्कालीन प्रशासकीय अधिकृत केशव प्रसाद रिजाल रहेको तथ्य जिल्ला प्रशासन कार्यालय झापाको अभिलेखबाट देखिन्छ। **प्रस्तुत मुद्दाको अनुसन्धानको शिलशिलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको प्र.ना.उ.मान बहादुर राई समेतको टोलीले** इलाका प्रशासन कार्यालय, गौरिगंज, झापामा गई मिति २०७९/०३/०१ देखि मिति २०७९/०७/३० सम्मका पेस गरिएका अनुसूची फाराम, नागरिकता प्रमाणपत्रका प्रतिलिपी सहितका सक्कल कागजातहरु स्थलगत अध्ययन गरी पेस गरेको स्थलगत प्रतिवेदन अनुसार राहदानी संकलन एवम् वितरण फाराम रजिष्टर, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, राहदानी अनुसूची, राहदानी विभागको च.नं. ८१७ मिति २०७९/०७/२१ को पत्रसाथ प्राप्त जन्म मिति लगायतका बिबरणहरू संकलन तथा अध्ययन गरी प्रतिवेदन पेस गरेको देखिन्छ। **उक्त प्रतिवेदनको निष्कर्षमा** प्रतिवादी विनोद कुंवरको जन्म मिति नागरिकता प्रमाणपत्रमा २०३३/०६/२७ (१९७६-१०-१३ AD) भएकोमा ePASSPORT APPLICATION FORM मा जन्म मिति AD र राहदानी विभागवाट आएको कागजातमा जन्म मिति २०३८/०६/२७ (१९८१-१०-१३ AD) भई ५ वर्ष उमेर घटाएको, अर्का प्रतिवादी सिमान्त विश्वकर्माको जन्म मिति नागरिकता प्रमाणपत्रमा वि.सं. २०६१/०५/१८ (२००४-०९-०३ AD) भएकोमा ePASSPORT APPLICATION FORM मा जन्म मिति AD र राहदानी विभागवाट आएको कागजातमा जन्म मिति वि.सं.२०५९/०५/१८ (२००२-०९-०३ AD) भएको हुँदा निजको २ वर्ष उमेर बढाएको, अर्का प्रतिवादी गोविन्द प्रसाद ढुङ्गेलको नागरिकता प्रमाणपत्रमा जन्म मिति २०३८/०४/११ (१९८१-०७-२६ AD) भएकोमा ePASSPORT APPLICATION FORM मा जन्म मिति AD र राहदानी विभागबाट आएको कागजातमा निजको जन्म मिति वि.सं.२०४३/०४/११ (१९८६-०७-२६ AD) देखिएकोले निज गोविन्द प्रसाद ढुङ्गेलको नागरिकतामा भएको उमेर भन्दा राहदानीमा ५ वर्ष उमेर घटाएको र प्रतिवादी बलराम महतोको नागरिकता प्रमाणपत्रमा जन्म मिति वि.सं.२०३९/०७/०७ (१९८२-१०-२४ AD) भएकोमा ePASSPORT APPLICATION FORM मा जन्म मिति AD र राहदानी विभागवाट प्राप्त कागजातमा वि.सं.२०४७/०७/०७ (१९९०-१०-२४ AD) देखिएको हुँदा निजको उमेर ८ वर्ष उमेर घटाएको हुँदा प्रतिवादीहरुले पेस गरेको ePASSPORT APPLICATION FORM (अनुसूचि फाराम), राहदानी तथा नेपाली नागरिकता प्रमाणपत्र अनुसारको जन्म मितिमा फरक/कैफियत देखिएको भनि प्रतिवेदन पेश गरेको देखिन्छ। निज प्रतिबेदक मानबहादुर राईले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अदालतमा उपस्थित भई आफ्नो प्रतिबेदन बेहोरालाई समर्थन गरि बकपत्र समेत गरेको देखिंदा जिरहको परिक्षणबाट गुज्रेको साछीको बकपत्रलाई प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरि फैसला गर्नु पर्नेमा उक्त प्रमाणलाई नजरअन्दाज गरि बैकल्पिक उपचारको आधार लिई प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरयोग्य छ।<br>• विद्युतीय राहदानी जारी गर्ने सम्बन्धी कार्यविधि, २०७८ को दफा १३ को उपदफा (५) मा *आवेदकले राहदानी नवीकरणको लागि आवेदन गर्दा नागरिकता भन्दा सामान्य विवरण फरक परे पनि पूरानो राहदानीको विवरण बमोजिम राहदानी नवीकरण गर्न चाहेमा सोही बमोजिम रुजु गर्न सकिने* व्यवस्था रहेको देखिन्छ। सोही कानूनी व्यवस्थाको आधारमा राहदानी वाहक यि प्रतिवादीहरु विनोद कुँवर, सिमान्त विश्वकर्मा, गोविन्द प्रसाद ढुंगेल र बलराम महतो समेतले उक्त त्रुटिपूर्ण राहदानी सच्याउनको लागि हाल सम्म कुनै आवेदन दिएको वा सो सँग सम्बन्धित कुनै प्रकृया अवलम्बन गरेको देखिदैन। यि प्रतिवादीहरुले राष्ट्रसेवक कर्मचारी रहेका अन्य प्रतिवादीहरुसँग मिलेमतो गरि राहदानीमा उमेर फरक पारी जारी गरि गर्न लगाई सोबाट लाभ लिनका लागी उक्त कार्य गरेको तथ्य निज प्रतिवादीहरुले राहदानी सच्याउने तर्फको बैकल्पिक उपचारको कानूनी वाटो अबलम्वन गरेको देखिदैन। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ मा *सरकारी निकाय वा सार्वजनिक संस्थाको कागजातमा अनाधिकार वा गैरकानूनी तरिकाले सरकारी कागजात सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गर्ने राष्ट्रसेवक वा अन्य व्यक्तिलाई कसूरको मात्रा अनुसार तीन महिना देखि दुई वर्षसम्म कैद र पचासहजार रुपैयासम्म जरिवाना हुनेछ* भन्ने ब्यवस्था रहेकोले सरकारी कागजात सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गर्ने कार्यलाई भ्रष्टाचारजन्य कसूर (Criminalize) कायम गरि सजायको ब्यवस्था गरेको देखिन्छ। फौजदारी कानूनको ब्याख्या र प्रयोग गर्दा कानूनमा लेखिएको ब्यवस्थालाई अक्षर र विधायिकिय भावनालाई मध्यनजर गरि यस्ता कसूरजन्य कार्यलाई निरुत्साहित गर्ने उदेश्यबाट प्रेरित भई गर्नु पर्ने न्यायिक सिद्धान्त रहेकोमा सोको प्रतिकुल हुने गरि बैकल्पिक उपचार र प्रतिवादीहरुको ईन्कारी बयानको आधार लिई भ्रष्टाचारजन्य कसुरवाट उन्मुक्ति हुने गरि विशेष अदालतवाट भएको फैसला ने.का.प. २०७७, अंक ७, निनं. १०५४१ मा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित "**कुनै अभियोग लागेको अभियुक्तले कसुर सम्बन्धी कुरामा साबिती भएको वा इन्कारी गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्न सक्दैन बरु सो साबिती वा इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक, वस्तुनिष्ठ एवम् निश्चयात्मक प्रमाणबाट समर्थित गराउनुपर्ने**" सिद्धान्त समेतको प्रतिकुल देखिँदा बदरभागी छ।<br>• ईलाका प्रशासन कार्यालय, गौरिगंज, झापा मार्फत राहदानी जारी गर्ने प्रक्रियामा सम्बन्धित राष्ट्रसेवक कर्मचारी प्रतिवादीहरुको दायित्व आवेदक प्रतिवादीहरु विनोद कुँवर, सिमान्त विश्वकर्मा, गोविन्द प्रसाद ढुङ्गेल र बलराम महतोले पेश गरेका नागरिकता, पुरानो राहदानी तथा अन्य आधिकारिक कागजातसँग आवेदन विवरण भिडान गरी कैफियत भए/नभएको विभिन्न तहमा परीक्षण गर्नु हो। यस्तो अवस्थामा सार्वजनिक पदमा बहाल रहेको व्यक्तिबाट बदनियतपूर्वक सरकारी अभिलेखमा कैफियतयुक्त विवरण प्रविष्ट हुन दिनु स्वयंमा भ्रष्टाचारजन्य दुराचार (official misconduct) को विषय हुने हुँदा बदनियतपूर्वकको कार्यलाई मानविय त्रुटि रहेको भन्ने अनुमान गरी सफाइ दिन मिल्ने अवस्था रहँदैन। यसको अतिरिक्त, **राहदानी विभागबाट प्राप्त विवरणअनुसार** विद्युतीय राहदानी प्रणालीमा आवेदन रुजु, स्थानीय प्रमाणीकरण (Local Validation), केन्द्रीय प्रमाणीकरण (Central Validation), National ID Matching तथा De-duplication जस्ता बहु-स्तरीय परीक्षण प्रक्रिया अवलम्बन हुने व्यवस्था रहेको विभागको च.नं. २०३०, मिति २०८१।०२।२८ को पत्र स्पष्ट देखिन्छ। यस्तो कानूनी तथा प्राविधिक प्रणाली विद्यमान रहँदारहँदै नागरिकता प्रमाणपत्रमा उल्लेखित जन्ममिति भन्दा फरक विवरणका आधारमा राहदानी जारी हुनु सामान्य office error वा मानवीय भूलको परिणाम नभई सरकारी अभिलेखमा जानीजानी कैफियत सिर्जना गरिएको कार्य हो भन्ने तथ्य स्वयं घटनाक्रमबाट पुष्टि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भइरहेको अवस्था छ। तसर्थ, राहदानी जस्तो संवेदनशील सरकारी अभिलेखमा नागरिकताभन्दा फरक जन्ममिति कायम गरी जारी गरिनु अत्यन्त गम्भीर विषय रहँदा रहँदै अदालतले यस कसूरजन्य कार्यलाई मानविय त्रुटि procedural discrepancy को रूपमा लिई सफाई ठहर हुने गरी भएको फैसलाले राष्ट्रको सार्वजनिक अभिलेख (Public Record) को विश्वसनीयता विश्वव्यापी रुपमा कमजोर बनाउने तथा भविष्यमा सरकारी कागजात सच्याउने कार्यलाई प्रोत्साहन गर्ने समेतको जोखिम उत्पन्न भएको हुँदा विशेष अदालतबाट फैसला हुँदा पदीय उत्तरदायित्व तथा Official Accountability को सिद्धान्तसमेतको समुचित विश्लेषण नगरी प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरयोग्य छ।<br>• **अतः** माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादीहरु चुडामणी आपगाई, लक्ष्मी प्रसाद खरेल, केशव प्रसाद रिजाल, आकाश मगर, रबिन कुमार राजवंशी, जिवन कुमार दाहाल, विनोद कुँवर, सिमान्त विश्वकर्मा, गोविन्द प्रसाद ढुंगेल र बलराम महतोलाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपुर्ण भएकोले उक्त फैसला बदर गरि प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरी पाउन सादर अनुरोध गरिन्छ। |